**आकाशवाणी समाचार- नेपाली**

मितिः १५ मई २०२५

समयः ०७.२५ - ०७.३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले नक्सलवाद विरुद्ध सुरक्षा बलको सफलताले नक्सलवादलाई उन्मूलन गर्ने अभियान सही दिशामा अघि बढिरहेको बताउनु भएको छ ।

- पहलगाम आतंकवादी हमलाको प्रतिक्रियामा सफल 'अपरेशन सिन्दूर' पछि भारतीय सशस्त्र बलको साहस र बलिदानको सम्मान गर्न देशका विभिन्न भागहरूमा 'तिरंगा यात्रा' आयोजना गरिँदैछ।

- हिजो उत्तरी र दक्षिणी गाजामा इजरायली हवाई आक्रमणमा ७० जनाको मृत्यु भएको थियो।

- भारतीय जनता पार्टीले अपरेशन सिन्दूरमाथि प्रश्न उठाएकोमा कांग्रेसको आलोचना गरेको छ।

- रुसले राष्ट्रपति भ्लादिमिर पुटिन रुस र युक्रेनबीच हुने शान्ति वार्तामा भाग नलिने घोषणा गरेको छ।

- बैंकॉकमा थाईलैंड बैडमिंटन ओपनको प्री-क्वार्टर फाइनलमा आज भारतीय खिलाडी आफ्नु खेलहरु खल्नेछन्।

**प्रधानमन्त्री – नक्सलवाद**

प्रधानमन्त्री नरेन्द्र मोदीले नक्सलवाद विरुद्ध सुरक्षा बलको सफलताले नक्सलवादलाई उन्मूलन गर्ने अभियान सही दिशामा अघि बढिरहेको बताउनु भएको छ । केन्द्रीय गृहमन्त्री अमित शाहको सामाजिक सञ्जाल पोस्ट सेयर गर्दै श्री मोदीले भन्नुभयो सरकार नक्सल प्रभावित क्षेत्रहरूमा शान्ति स्थापना गर्न र त्यहाँका मानिसहरूलाई विकासको मुख्यधारामा ल्याउन पूर्ण रूपमा प्रतिबद्ध छ।

**तिरंगा यात्रा-राज्य**

पहलगाम आतंकवादी हमलाको प्रतिक्रियामा सफल 'अपरेशन सिन्दूर' पछि भारतीय सशस्त्र बलको साहस र बलिदानको सम्मान गर्न देशका विभिन्न भागहरूमा 'तिरंगा यात्रा' आयोजना गरिँदैछ। भारतीय जनता पार्टीको हिजोदेखि सुरु भएको एघार दिने यात्राको उद्देश्य नागरिक, समुदाय र क्षेत्रहरूमा राष्ट्रिय गौरव र एकताको भावना जगाउनु हो। लद्दाखको लेह शहरमा तिरंगा यात्रा निकालिएको थियो। भाजपाको लद्दाख यात्रामा तिरंगा बोकेका ठूलो संख्यामा नागरिकहरू सहभागी भएका थिए। उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले लखनऊमा आयोजित 'तिरंगा शौर्य यात्रा' मा आतंकवादलाई समर्थन गरेकोमा पाकिस्तानको आलोचना गर्नुभयो|महाराष्ट्रको राजधानी मुम्बईमा, मुख्यमन्त्री देवेन्द्र फडणवीसले  भव्य तिरंगा यात्राको सुरुवात गर्नुभयो। श्री फडणवीसले पहलगाममा भएको आतंकवादी हमलाको कडा जवाफ आवश्यक रहेको बताउनुभयो |

**इस्राइल गाज़ा**

हिजो उत्तरी र दक्षिणी गाजामा इजरायली हवाई आक्रमणमा ७० जनाको मृत्यु भएको थियो। यसको एक दिन अघि इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले आतंकवादी समूह हमासलाई नष्ट नगरेसम्म इजरायलले प्यालेस्टाइनमाथि आक्रमण बन्द नगर्ने बताउनुभएको थियो। गाजाको स्वास्थ्य मन्त्रालय अनि अस्पतालहरूका अनुसार उत्तरी गाजाको जबालियामा मात्र पचास जनाको मृत्यु भएको छ। मंगलबार इजरायली सेनाले जबालियाका नागरिकहरूलाई सुरक्षित स्थानमा जान आदेश देएको छ। ७ अक्टोबर २०२३ मा दक्षिणी इजरायलमा आयोजित एक समारोहमा हमास आतंककारीहरूले गरेको आक्रमणमा १२०० जनाको मृत्यु भएपछि

दुई पक्षबीचको युद्ध २०२३ मा सुरु भएको थियो।

**रूस-यूक्रेन वार्ता**

रुसले राष्ट्रपति भ्लादिमिर पुटिन रुस र युक्रेनबीच हुने शान्ति वार्तामा भाग नलिने घोषणा गरेको छ। यो संवाद आजदेखि तुर्किएको इस्ताम्बुलमा सुरु हुँदैछ। रूसले राष्ट्रपति पुटिनका सहयोगी भ्लादिमिर  मेदिन्स्कीले रूसी प्रतिनिधिमण्डलको नेतृत्व गर्ने पुष्टि गरेको छ। प्रतिनिधिमण्डलमा रुसी उपविदेशमन्त्री मिखाइल गैलुज़िन, जनरल स्टाफ डायरेक्टर इगोर कोस्तियुकोव र उपरक्षामन्त्री अलेक्ज्याण्डर फोमिन रहेका छन्। यसअघि युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले राष्ट्रपति पुटिनलाई व्यक्तिगत रूपमा भेट्ने इच्छा व्यक्त गर्नुभएको थियो। उहाँले यो प्रत्यक्ष वार्ता सफल बनाउन आफूले हरसम्भव प्रयास गर्ने बताउनुभयो।

**बीजेपी-कांग्रेस अपरेशन सिन्दूर**

भारतीय जनता पार्टीले अपरेशन सिन्दूरमाथि प्रश्न उठाएकोमा कांग्रेसको आलोचना गरेको छ। भाजपा प्रवक्ता सुधांशु त्रिवेदीले भन्नुभयो सशस्त्र बलले अपरेशन सिन्दूरमा असाधारण बहादुरी र सटीक प्रहार क्षमता प्रदर्शन गरेको छ। श्री त्रिवेदीले अपरेशन सिन्दूर समाप्त भएको छैन तर यसमाथि निरन्तर प्रश्न उठाउनुले कांग्रेसको नियतलाई शंकास्पद बनाउने बताउनु भयो। श्री त्रिवेदीले भन्नुभयो प्रतिबद्धता केवल शब्दमा मात्र नभई काममा पनि देखिनुपर्छ किनभने खोक्रो शब्द र विरोधाभासी कामले अविश्वास जन्माउँछ।

**भारत-संयुक्त राष्ट्र-आतंकवाद**

एक भारतीय प्राविधिक टोली न्यूयोर्कमा छ र आज संयुक्त राष्ट्र सुरक्षा परिषद्को १२६७ प्रतिबन्ध समिति र अन्य साझेदार देशहरूको अनुगमन टोलीसँग अन्तरक्रिया गरिरहेको छ। भारतले द रेजिस्टेन्स फ्रन्टलाई आधिकारिक रूपमा आतंकवादी संगठनको रूपमा सूचीबद्ध गर्ने र पाकिस्तानले समूहलाई प्रदान गरिरहेको समर्थनलाई उजागर गर्ने उद्देश्यले १२६७ प्रतिबन्ध समितिमा आफ्नो मुद्दा प्रस्तुत गर्ने तयारी गरिरहेको छ। यो कदम २२ अप्रिल मा भएको पहलगाम आतंकवादी हमलामा २६ भारतीय नागरिकको मृत्यु भएपछि आएको हो। स्रोतहरूले भारतीय टोलीले संयुक्त राष्ट्र संघको आतंकवाद विरोधी कार्यालय र आतंकवाद विरोधी समितिको कार्यकारी निर्देशनालयका अधिकारीहरूलाई पनि भेट्ने बताएको छ।

**संशोधित ट्रम्प-कतर**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पश्चिम एसियाको आफ्नो भ्रमणको दोस्रो चरणमा हिज कतारसँग १२ ट्रिलियन डलरको आर्थिक-व्यापार सम्झौतामा हस्ताक्षर गरेको छ। श्री ट्रम्पले अमेरिका र कतार बीच २४३.५ अर्ब डलरभन्दा बढीको आर्थिक सम्झौताको घोषणा गर्नुभयो, जसमा कतार एयरवेजलाई बोइङ विमान र जीई एयरोस्पेस इन्जिनको बिक्री समावेश छ। सम्झौताहरू अन्तर्गत कतार एयरवेजले २०० अर्ब डलर बराबरको १६० बोइङ जेटहरू खरिद गर्नेछ। श्री ट्रम्प र कतारका अमिर शेख तमिम बिन हमद अल-थानीको उपस्थितिमा दोहामा सम्झौताहरूमा हस्ताक्षर गरिएको थियो। कतार एयरवेजबाट बोइङ र जीई एयरोस्पेसलाई प्राप्त भएको अर्डरमा जीई एयरोस्पेस इन्जिन भएका २१० वटा अमेरिकी-निर्मित बोइङ ७८७ ड्रीमलाइनर र ७७७एक्स विमानहरूको लागि ९६ अर्ब डलरको सम्झौता समावेश छ। यो बोइङको अहिलेसम्मकै सबैभन्दा ठूलो वाइडबडी विमान अर्डर हो र अहिलेसम्मकै सबैभन्दा ठूलो ७८७ अर्डर हो। यसले वार्षिक रूपमा अनुमानित १५४,००० अमेरिकी रोजगारी सिर्जना गर्ने अनुमान गरिएको छ, जुन विमानको उत्पादन र डेलिभरी अवधिमा दस लाखभन्दा बढी रोजगारी बराबर हो। उड्डयन क्षेत्र बाहेक, दुई देशहरू बीच ऊर्जा, रक्षा र प्रविधि क्षेत्रमा पनि सम्झौताहरू हस्ताक्षर भए।

**बिहार बीएसएफ जवान- अंतिम संस्कार**

जम्मू कश्मीरमा पाकिस्तानी गोलाबारीमा हालै शहीद भएका बीएसएफ जवान राम बाबु सिंहको हिज बिहारको सिवान जिल्लाको उनको पैतृक गाउँ वासिलपुरमा पूर्ण सम्मानका साथ अन्त्येष्टि गरिएको छ। दिवंगत आत्मालाई अन्तिम विदाई दिन सिवानमा हजारौं मानिसहरू भेला भएका थिए। शहीद सैनिकको अन्तिम यात्रामा, स्थानीय बासिन्दाहरूले देशको सार्वभौमसत्ताको लागि उनको सर्वोच्च बलिदानमा गर्व व्यक्त गरे। गाउँ र परिवारका सदस्यहरूले मृतक जवानकी श्रीमतीलाई रोजगारी र

जीविकोपार्जनको लागि पर्याप्त क्षतिपूर्ति उपलब्ध गराउन सरकारसँग माग गरेको छ।

**बांग्लादेश-बैंक - आई.एम.एफ.ऋण**

बंगलादेश बैंकले ऋण स्वीकृतिका लागि बजारमा आधारित विनिमय प्रणाली अपनाउने अन्तर्राष्ट्रिय मुद्रा कोष-आईएमएफको सर्त स्वीकार गरेको छ। बंगलादेश बैंकका गभर्नर अहसान एच. मंसूरले हिज केन्द्रीय बैंकले डलरको विनिमय दरलाई बजार शक्तिहरूद्वारा निर्धारण गर्न अनुमति दिने बताउनुभएको छ, जुन हालको प्रणालीबाट टाढा सर्दै जानेछ। डा. मन्सुरले आईएमएफले जुन २०२५ मा ४.७ अर्ब डलरको ऋण प्याकेजमध्ये १.३ अर्ब डलर जारी गर्न सहमत भएको छ, जुन विनिमय दर लचिलोपनको कार्यान्वयनमा असहमतिका कारण स्थगित गरिएको थियो। डा. मन्सुरले  केन्द्रीय बैंकले ब्याजदर स्थिर राख्न ठूलो विदेशी भुक्तानीको अवस्थामा हस्तक्षेप गर्नेछ भनि बताउनुभयो। आईएमएफले २०२३ मा बंगलादेशका लागि ४.७ अर्ब रुपैयाँ ऋण स्वीकृत गरेको छ। हालसम्म देशले कुल २ अर्ब ३० करोड रुपैयाँ बराबरको तीन किस्ता प्राप्त गरिसकेको छ।

**बैडमिंटन-थाईलैंड ओपन**

बैंकॉकमा थाईलैंड बैडमिंटन ओपनको प्री-क्वार्टर फाइनलमा आज भारतीय खिलाडी आफ्नु खेलहरु खल्नेछन्। पुरूष सिंगल्समा थारुन मन्नेपल्लीको सामना डेनमार्क का एंडर्स एंटोनसेन सँग हुनेछ। मन्नेपल्लीले मलेशियाका जस्टिन हो लाई सीधे सेटमा 21-19, 21-16 ले  पराजित गरेर  अंतिम 16 मा स्थान बनाएको हो।महिला सिंगल्समा भारतकी शीर्ष खिलाडी मालविका बंसोड़ को भिडन्त थाईलैंडकी रतचानोक इंटानोन सँग हुनेछ। भारतकी उन्नति हुडाको सामना थाईलैंड की पोर्नपावी चोचुवोंग सँग अनि आकर्षि कश्यपको थाईलैंडकी सुपनिडा कटेथोंग सँग हुनेछ महिला डबल्समा भारतकी त्रिसा जॉली अनि गायत्री गोपी चंदको जोडीले जापानकी सयाका होबारा अनि रूई हीरोकामी को जोडी सँग खल्ने छन्।

**जम्मू कश्मीर माता वैष्णो देवी**

जम्मू कश्मीरस्थित श्री माता वैष्णोदेवी श्राइन बोर्डले भक्तजनहरूको सुविधाका लागि धैरै उपायहरूको घोषणा गरेको छ। यी उपायहरूमा नि:शुल्क आरती दर्शन र आवासको व्यवस्था समावेश छ। हाम्रो जम्मू संवाददाताले बताएअनुसार भारत र पाकिस्तानबीच हालै भएको युद्धविराम पछि, भक्तजनहरू बिस्तारै वैष्णोदेवी आउन थालेका छन्।

****** ० ******